मिति: २०७८/०३/०३ गते

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## Licensed/Open Source Software को प्रयोगसंग सम्बन्धित:

### (१) Genuine/Licensed/Open Source Software को प्रयोग नगरी Cracked/Pirated Software प्रयोग गर्दा के के जोखिम हुन सक्छ?

क. Genuine/Licensed/Open Source Operating System वा Application Software को प्रयोग नगर्दा कानून अनुसार हदै सम्म कारवाही हुन सक्ने सम्भावना रहन्छ |

ख. अवैध रूपमा प्राप्त हुने सफ्टवेयर (Cracked/Pirated)को प्रयोग गर्दा अद्यावधिक (Patch Update) नहुने भएकोले उक्त सोफ्टवेयर संक्रमित हुन सक्ने हुँदा व्यपार व्यवसायमा असर पर्ने र Vulnerabilities को कारणले व्यवसायिक संवेदनशील विवरणहरुमा ह्याकरको सजिलै पहुँच पुग्न सक्छ |

ग. Cracked /Pirated Software प्रयोगबाट पासवर्ड तथा संवेदनशील डाटा (PIN/Bank/Insurance) चोरी हुन सक्छ |

घ. Cracked /Pirated Software download गरी प्रयोग गर्दा तथा अरुलाई share गर्दा खतरनाक (Dangerous) किसिमको संक्रमणहरु (Virus/Trojan/Malware/Rootkit etc.) सर्न सक्छ |

ङ. Cracked /Pirated Software प्रयोग भएको उपकरणबाट गृह नेटवर्क (Home Network) मा आवद्द रहेका फोन, टयाब्लेट, र अन्य कम्प्युटरहरू जस्ता अन्य उपकरणहरूमा समेत मालवेयर सर्ने र नेटवर्कमा आवद्द रहेका उपकरणहरूमा ह्याकरको पहुँचमा सजिलै पुग्न गई प्रयोगकर्तालाई थाहै नदिई कम्युटर/उपकरण प्रयोगकर्ताको दैनिक क्रियाकलापलाई ह्याकरले अवलोकन गर्ने देखि सम्पूर्ण महत्वपूर्ण डाटालाई प्रयोग गर्न नसक्ने बनाई दिन सक्छ र कम्प्युटर प्रणालीलाई समेत नचल्ने गराउन सक्छ |

### (२) Cracked/Pirated Software वाट हुन सक्ने सम्भावित जोखिमवाट बच्ने उपायहरु :

१. Licensed वा Open Source Software को प्रयोग गरौ |

२. Cracked/Pirated Software को सट्टामा Licensed/Free trial/Free version को प्रयोग गरौ |

३. शिक्षण सिकाई तथा व्यवसायिक प्रयोजन लगायतको कार्यहरुमा Licensed/Open source Operating System तथा Application Software को प्रयोग गरौ |

४. Licensed/Open Source Software हरु उक्त सफ्टवेयर निर्माता कम्पनिको आधिकारिक वेबसाइटवाट मात्र डाउनलोड गरौं |

५. Cracked/Pirated Software को प्रयोगलाई निरुत्साहन गरौ |


**Nepal Telecommunications Authority (NTA)**
**Cyber Security Task Force (NTACERT)**
**National Theatre Building, Jamal**
**Kathmandu, Nepal**
**Email: cert@nta.gov.np, URL: www.nta.gov.np**